eSewa

# इसेवा लिमिटेड

## eSewa Limited

रजिष्टर्ड कार्यालय, पुल्चोक, ललितपुर फोन नं. ०१-५९७०१२१
Website: www.esewa.com.np/ E-Mail: csd@esewa.com.np

## तेह्रौं वार्षिक साधारण सभाको सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८२/०८/०२)

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२/०८/०१ गते सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णयको लागी बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल मङसिर २४ गते (तद्अनुसार १० डिसेम्बर २०२५, बुधबार)

स्थान : मेरियट होटल, नक्साल, काठमाण्डौं

समय : अपराह्न ४:०० बजे ।

**छलफलको विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) आ.व. २०८१।८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) आ.व. २०८१।८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान, हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१।८२ को लेखापरिक्षक प्रतिवेदनको आधारमा कम्पनीको खुद नाफा तथा जगेडा कोषबाट हालको चुक्ता पूँजीको ८०.५३ प्रतिशतले हुन आउने जम्मा रु. ३०,६०,००,०००।- (अक्षरुपी तीस करोड साठी लाख रुपैयाँ मात्र) नगद लाभांश (कर सहित) स्वीकृत गर्ने ।

४) आ.व. २०८२/८३ को लागि लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

६) कम्पनी ऐन २०६३ को दफा ९३ आकर्षित हुने विभिन्न कम्पनीहरुसँग भएका कारोबारहरु (जस्तै Topup, रेमिटेन्स, अन्तरराष्ट्रिय हवाइसेवाको भुक्तानी, QR/HUB कारोबार) तथा लगानीहरुको विवरण अनुमोदन गर्ने र भविष्यमा हुने यस्तै नियमित प्रकृतीका कारोबारहरु स्वीकृत गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) बिशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१।८२ को लेखापरिक्षक प्रतिवेदनको आधारमा कम्पनीको खुद नाफा तथा जगेडा कोषबाट हालको चुक्ता पूँजीको ३१.५८ प्रतिशतले हुन आउने जम्मा रु. १२,००,००,०००।- (अक्षरुपी: बाह्र करोड मात्र) रकमको बोनस शेयर जारी गर्ने ।

२) कम्पनीको अधिकृत पूंजी रु १,००,००,००,०००.०० (अक्षरुपी एक अर्ब रुपैयाँ मात्र ), जारी तथा चुक्ता पूंजी रु ५०,००,००,०००.०० (अक्षरुपी पचास करोड रुपैयाँ मात्र ) पूँजी वृद्धि गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) तथा नियामवलीको नियम ३५ संशोधन गर्ने ।

३) माथि प्रस्ताव गरिए अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृतिका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन प्राप्त भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष नोटः**

१. सभामा भाग लिन र मतदान गर्नको लागी प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले कार्यालय समयको साभ्र ६.०० बजे, २३ मङसिर २०८२ सम्ममा कम्पनीको रजिर्ष्टड कार्यालय प्रतिनिधि नियुक्त (प्रोक्सी) सम्बन्धि फाराम दर्ता गरिसक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्दा कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न पाइनेछैन ।

२. विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा दुई दिन अगावै कार्यालय समय भित्र छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई सम्बोधन गरी कम्पनीको रजिर्ष्टड कार्यालय आइपुग्ने गरी लिखित रुपमा पठाउनु पर्नेछ । त्यस्तो विषय कम्पनीसंग सम्बन्धित औचित्य हेरी छलफलका लागी समावेश गरिनेछ ।

३. लाभांस तथा कम्पनीको १३औं वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि मिति २०८२ मङसिर १२ गते (२८ नोवेम्बर २०२५) शुक्रबार कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८२ मङसिर १२ गते (२८ नोवेम्बर २०२५) भन्दा अघिल्लो दिन २०८२ मङसिर ११ गते (२७ नोवेम्बर २०२५) बिहिबारसम्म शेयर बाँडफाँड भई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सभामा भाग लिन, छलफल गर्न मतदान गर्न र लाभांस प्राप्त गर्न योग्य हुनेछन् ।